**Accountability Watch Committee (AWC)**
**जवाफदहिता निगरानी समिति**

# प्रेस विज्ञप्ति

## स्वास्थ्यकर्मीमाथिको हिंसा अन्त्य गरी स्वास्थ्य सेवाको सुरक्षित सञ्चालन सुनिश्चित गर्न सरकारलाई आठबुँदे सुझाव।

**काठमाडौं, २०८३ साउन २८ गते**

अस्पताल र स्वास्थ्य संस्थामा चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीमाथि बढ्दै गएको कुटपिट, धम्की र दुर्व्यवहारप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

पछिल्ला दिनमा कालीकोटमा नर्समाथि भएको कुटपिट र वीरगञ्जस्थित नारायणी अस्पतालमा चिकित्सकमाथि भएको आक्रमण तथा अस्पतालमा भएको तोडफोडले समस्या गम्भीर बन्दै गएको देखाउँछ।

यो नयाँ समस्या भने होइन। नेपालका विभिन्न अस्पतालमा यस्ता घटना पटक–पटक भएका छन्। यसअघि हेटौंडा, विराटनगर, सिराहा, लमजुङ, पोखरा, ललितपुर र चितवनस्थित विभिन्न स्वास्थ्य संस्थामा यस्ता हिंसाका घटनाहरू भएका थिए। त्यस्ता हिंसात्मक घटनाहरू एकपछि अर्को दोहोरिनुले यो प्रवृत्ति अझै झाँगिँदै गएको देखाउँछ।

स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामाथिको हिंसा मानव अधिकारको विषय हो। स्वास्थ्यकर्मीले सुरक्षित वातावरणमा काम गर्न पाउनुपर्छ। अस्पताल हिंसाको स्थान होइन, यो शान्ति क्षेत्र हो र हुनुपर्छ। यहाँ स्वास्थ्योपचार सेवा दिने र जीवन बचाउने काम हुन्छ। त्यसैले हिंसात्मक गतिविधिको असर स्वास्थ्यकर्मीमा मात्र पर्दैन। हिंसासृजित बन्द–हडतालका कारण स्वास्थ्य सेवा अवरुद्ध हुँदा नागरिकको स्वास्थ्यको अधिकार नराम्रोसँग प्रभावित हुन्छ। सेवा बन्द हुँदा सबैभन्दा बढी असमानुपातिक असर छनोटको सुविधा कम भएका गरिब, असहाय र सीमान्तकृत क्षेत्रका नागरिकलाई पर्छ।

त्यसैले स्वास्थ्यकर्मीको सुरक्षा र नागरिकको स्वास्थ्य अधिकारलाई अलग गरेर हेर्न मिल्दैन। दुवैको संरक्षण राज्यको दायित्व हो।

तसर्थ, जवाफदेहिता निगरानी समिति उक्त बल्झिँदो समस्यालाई सम्बोधन गर्न सरकारसँग निम्नानुसारका उपाय तत्काल अवलम्बन गर्न जोडदार माग गर्दछः

१. कालीकोट, वीरगन्जलगायतका घटनाको निष्पक्ष र शीघ्र छानबिन गरी दोषीलाई कारबाही गरियोस्।
२. स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षा सुनिश्चित गरियोस्। हिंसाविरुद्धका विद्यमान कानुन प्रभावकारी रूपमा कार्यान्वयन गरियोस्।
३. राजनीतिक वा अन्य प्रभावका आधारमा दोषीलाई उन्मुक्ति दिने अभ्यासलाई अन्त्य गरियोस्।
४. बिरामी र तिनका आफन्तहरू प्रतिक्रियात्मक हुने, स्वास्थ्य प्रणाली र स्वास्थ्यकर्मीप्रति विश्वास र भरोसा नराख्ने तथा कानुन हातमा लिने प्रवृत्तिका अन्तर्निहित कारण पत्ता लगाई तिनलाई सम्बोधन गरियोस्।
५. बिरामीका गुनासा र उपचारसम्बन्धी लापरबाहीका आरोपको छानबिन गर्ने संयन्त्रहरू (प्रशासनिक, न्यायिक तथा गैरन्यायिक) माथिको पहुँचलाई सहज र विश्वसनीय बनाइयोस्।
६. स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रणालीको निर्वाध सञ्चालनको महत्त्व तथा त्यससम्बन्धी नीतिगत तथा कानुनी प्रबन्धका बारेमा आम जनचेतना जागृत गराउने कामलाई प्राथमिकता दिइयोस्।
७. कुनै पनि विरोध वा आन्दोलनका कारण अत्यावश्यक स्वास्थ्य सेवा बन्द नहुने, तर समस्याको वैध समाधान शीघ्र खोजिने कुरा सुनिश्चित गरियोस्।
८. अस्पतालमा हुने भीडभाड, जनशक्तिको अभाव, लामो प्रतीक्षा, बिरामी र तिनका आफन्तका लागि आवश्यक मनोसामाजिक परामर्श तथा मानवीय व्यवहारमा कमी, उपचारको प्रक्रिया, आयाम तथा प्रभावबारे सुसूचित हुने अधिकारको वेवास्ता र कमजोर सञ्चारजस्ता संरचनागत समस्या पहिचान गरी तत्काल सम्बोधन गरियोस्।

**जवाफदेहिता निगरानी समितिको तर्फबाटः**

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू: चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, सावित्री श्रेष्ठ, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, डा. देवेन्द्र प्रसाद अधिकारी, अनुपा अर्याल, ओजस्वी के.सी, डा. विद्या चापागाईं र सलिना काफ्ले ।*